# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४० ) काठमाडौं, मंसीर १० गते २०४७ साल ( संख्या ३२

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विश्व खाद्य दिवसको उपलक्ष्यमा निम्न डिजाइन, नाप र तौलको नयाँ सिक्का टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिइएकोले यो सूचना प्रकाशित गरिएको छ ।

सिक्काको विवरण (रू. ५।–)

प्र भागमा: वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्म र तल्लो भागमा २०४७ रही स्वस्तिक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भागमा: वरिपरि ६४ थोप्लाभित्र माथि अर्ध गोलाकार रूपमा नेपालीमा श्री भवानी, तल अर्ध गोलाकार रूपमा नेपालीमा भविष्यको लागि खाद्य र अंग्रेजीमा FOOD FOR THE FUTURE बीचमा F.A.O. को लोगो त्यसैको तल अंग्रेजीमा NEPAL र रू. ५ अंकित ।

| | |
|---|---|
| दर | रू. ५।– |
| व्यास | २९ मि. मि. |
| तौल | ८.५ ग्राम |

328

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।